कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मन्दाकिनी हाइड्रोपावर लिमिटेड

# Mandakini Hydropower Limited

रजिष्ट्रार कार्यालय : सिनामंगल-०९, काठमाडौं ।
फोन नं. : ०१-४५६१५७४,०१-६९१५८३९
इमेल: mandakini.hydropower@gmail.com वेभसाईटः http://www.mandakinihydro.com.np

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको बारे सूचना

मन्दाकिनी हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ५८,८०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तीस हजार नौ सय मात्र) मध्ये १०% अर्थात् रु. ५,८८,०३,७००/- (अक्षरेपी पाँच करोड अठासी लाख तीन हजार सात सय मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, ३ ,४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का बासिन्दाहरुको लागि मिति २०७९ आषाढ ०१ गतेदेखि मिति २०७९ आषाढ १५ गतेसम्म (छिटोमा) निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग गरिए बमोजिमको दरखास्त प्राप्त नभएकोले **यही मिति २०७९ आषाढ ३२ गतेसम्म** निष्काशन तथा बिक्री खुल्ला रहने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराइन्छ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता |
|---|---|

| सि.न. | विवरणपत्र पाइने स्थानहरुः |
|---|---|
| १. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं । |
| २. | मन्दाकिनी हाइड्रोपावर लिमिटेडको रजिष्ट्रार कार्यालय सिनामंगल, काठमाडौं |

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.bokcapital.com.np तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mandakinihydro.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त फारामसाथ रकम बुझाउन सकिने स्थानहरु :**

| सि.नं. | संकलन केन्द्रको नाम र ठेगानाः | सि.नं. | संकलन केन्द्रको नाम र ठेगानाः |
|---|---|---|---|
| १. | मन्दाकिनी हाइड्रोपावर लिमिटेडको रजिष्ट्रार कार्यालय, सिनामंगल, काठमाडौं ।* | ५. | प्रभु बैंक लिमिटेड, माच्छापुच्छ्रे, कास्की । |
| २. | बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड. नक्साल, काठमाडौं ।* | ६. | कामना सेवा विकास बैंक लिमिटेड, पुरानचौर, कास्की । |
| ३. | पोखरा फाइनान्स कम्पनी लिमिटेड, लाहाचोक, कास्की । | ७. | नेपाल फाइनान्स लिमिटेड, माच्छापुच्छ्रे, कास्की । |
| ४. | प्राईम कमर्सियल बैंक लिमिटेड, लामाचौर कास्की । | | |

*** मन्दाकिनी हाइड्रोपावर लिमिटेड र बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडमा चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ।**

आवश्यकता अनुसार धितोपत्र बोर्डबाट स्वीकृति लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।

साथै, नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानीयबासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

**दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२/– (दुई रुपैयाँ) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।**

| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०७९/०३/३० (बैंकिङ्ग समय पश्चात्) |
|---|---|

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८८ | ९८ | १०२ | १०९ | ११३ | ११७ |
| प्रति शेयर आम्दानी (रु.) | (०.६३) | ३.६३ | ३.६८ | ७.९१ | ३.५७ | ४.५६ |
| संचित नाफा/नोक्सान (रु.) | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) | ८४,४२,७२२.६४ | ५,४९,७१,३८३.२० | ७,५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७५ |

### प्रति मेगावाट लागत सम्बन्धी विवरणः

**संगठित संस्थाको आ.व. २०७७/७८ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत लगभग रु. २० करोड ७७ लाख ५३ हजार अठसट्ठी मात्र रहेको छ । सार्दिखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मेगावाट रहेको र उक्त आयोजनाको आ.व. २०७७/७८ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार कुल लागत रु. ८३,१०,१२,२७४.२४ रहेको छ ।**

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरणः

**अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/०३/१२ सम्म रहेकोले २६ वर्ष ०१ महिना बाँकी रहेको छ ।**

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः

**साधारणमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.२४ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३५ वर्ष रहेको छ ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७८/०६/१८ गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। केयर रेटिङ्गनेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१७ गते सम्म रहनेछ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**नोटः स्थानिय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ जेष्ठ २३ गतेको "आर्थिक" दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.mandakinihydro.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.bokcapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

**सूचना २०७९/०३/१५ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने।**